# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १५ ] काठमाडौं, आश्विन ४ गते २०२२ साल [ संख्या २३

**श्री ५ को सरकार**

**अर्थ मन्त्रालयको**

**सूचना**

भन्सार ऐन, २०१९ (संशोधनहरू सहित) को दफा ९ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले विदेशबाट अस्थायी तवरबाट पैठारी हुने देहाय-बमोजिमका सवारीहरूमा भन्सारमहसूल पूर्ण अंशमा छुट् दिएको छ :–

२४ घण्टाभित्र फर्कने गरी पैठारी गरिल्याएको जिप ल्याण्डरोभर भ्यान, स्टेशन-वेगन, कार, कन्ट्रिकार (रसियनजीप) बस, ट्रक, लहरीइत्यादि संयोगवस दुर्घटना परेको वा बिग्रेकोमा त्यसको प्रमाण पेश गरेमा वा बनाउनलाई ल्याएकोमा समेत अरू कुनै काम-मा नलगाई रहेको भन्ने भएमा भन्सारअड्डाको हाकिमले नै ७ दिनसम्मलाई बिना महसूल छाड्न सक्ने छ । सोभन्दा बढी दिनको हक्मा प्रत्येक केश हेरी श्री ५ को सरकारले महीना एकसम्मलाई भन्सारमहसूल छुट् दिन सक्ने छ ।



आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

द्रष्टव्य:-

अस्थायी तवरबाट पैठारी भएका उक्त गाडीहरू नेपाल अधिराज्यभित्र प्रवेश गरेको भन्सारबाटै फर्किनुपर्छ। तर त्यस्तो गाडीहरूको अस्थायी महसूल तिरिसकेको भए अर्को भन्सार बाटो गएपनि भन्सार रसीद हेरीमात्र छाडिने छ। महसूल तिरेको दिनभन्दा बढी दिन भएको दिनको महसूल नतिरी र पैठारी हुने भन्सारलाई सूचनासमेत नदिएको रहेछ भने त्यस्ता गाडीहरूमा दरबन्दीबमोजिम महसूलसमेत असूल गरिने छ। यस्तो छुट बढीमा ७ (सात) दिनसम्म दिइनेछ।

आज्ञाले-
डा. यादवप्रसाद पन्त,
श्री ५ को सरकारको सचिव।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

भन्सार ऐन, २०१९ (संशोधनहरू सहित) को दफा ३ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका छोटी भन्सार खडा गरेको छ:-

(१) कञ्चनपुर भन्सार, (महेन्द्रनगर) अन्तर्गतको ढकना छोटी भन्सार खारेज गरी पचुई छोटी भन्सार, र

(२) पशुपतिनगर भन्सार अन्तर्गतको गोर्खे (फालेलुङ) भन्सार खारेज गरी माने भञ्ज्याङ छोटी भन्सार।

आज्ञाले-
डा. यादवप्रसाद पन्त,
श्री ५ को सरकारको सचिव।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

कर्मचारी सञ्चयकोष ऐन, २०१९ को दफा १६ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कोषसंग समझौता गर्ने नेपाल पुनर्वास कम्पनी प्राइवेट लिमिटेडका कर्मचारीहरू र निजहरूको कोषमा भएको रकमको सांवा र ब्याजका सम्बन्धमा पनि सो ऐनका कुराहरू लागू हुने, गर्ने मिति २०२२।५।२७ मा निर्णय गरेको छ।

आज्ञाले-
डा. यादवप्रसाद पन्त,
श्री ५ को सरकारको सचिव।

४९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

सरकारी रकम (व्यवस्था) नियम, २०१६ को नियम १ को उप-नियम (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले पूर्व २ नं. रामेछापमा उक्त नियमहरू लागू हुने मिति २०२२-५-२८-२ तोकेको छ।

आज्ञाले-
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।